# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
केराबारी मोरङ कोशी प्रदेश नेपाल

जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## फार्मेसी संचालन सम्बन्धी बोलपत्र आव्हानको सूचना ।

**सूचना प्रकाशित मिति २०८३।०३।१९**

यस केराबारी गउँपालिका अन्तर्गत केराबारी गाउँपालिका अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत फार्मेसी (औषधि बिक्री कक्ष) भाडामा लगाउने कार्य बोलपत्रको माध्यबाट सम्पन्न गर्नुपर्ने भएकोले ठेक्का लिन चाहाने इच्छुक फर्म/कम्पनीहरुले तपशिल बमोजिमको सेवा सर्तको अधिनमा रही **मिति २०८३।०४।०८ गते दिनको १२ बजे भित्र** बोलपत्र पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ । बोलपत्र PPMO को वेवसाइट www.bolpatra.gov.np/egp अनलाईन मार्फत दर्ता गर्नुपर्नेछ ।

### तपशिल

| सि.नं. | दरभाउपत्रको नाम | ठेक्का नं. | बार्षिक न्युनतम कबोल अंक (मु.अ. कर बाहेक ) | बोलपत्र दर्ता तथा खोल्ने मिति |
|---|---|---|---|---|
| १ | Operation of pharmacy at Kerabari Palika Hospital | 1/Rajaswa/KRMC/2083/084 | ६१,९५,०००।– (एकसट्ठी लाख पन्चानब्बे हजार मात्र) | दर्ता २०८३।०४।०८ गते दिनको १२ बजेसम्म र खोल्ने सोही दिनको १ बजे । |

**ठेक्का सम्बन्धी आवश्यक शर्तहरु**

१. फार्मेसी संचालन गर्ने कोठा गाउँपालिकाले केराबारी गाउँपालिका अस्पताल हाता भित्र उपलब्ध गराउने छ ।

२. फार्मेसी २४ सै घण्टा (३६५ दिन) संचालन गर्नुपर्ने छ ।

३. बार्षिक सम्झौता रकम मध्ये ५० प्रतिशत रकम असोज मसान्त भित्र, २५ प्रतिशत रकम पुष मसान्त भित्र र बाकी २५ प्रतिशत रकम चैत मसान्तसम्म बुझाउनुपर्नेछ । ठेक्का सम्झौताकै समयमा सम्पुर्ण रकम बुझाएमा मु.अ.कर वाहेकको रकममा १० प्रतिशत छुट दिइनेछ ।

४. विमा वोर्डले निर्धारण गरेको औषधी बाहेकको हकमा औषधिमा कायम रहेको अधिकतम खुद्रा मूल्य (MRP) को अनिवार्य रूपमा घटिमा पाँच प्रतिशत छुट दिई विक्री वितरण गर्नुपर्नेछ ।

जयराम श्रेष्ठ
प्रशासकीय अधिकृत

५. फार्मेसी संञ्चालनका लागि आवश्यक लगानी र जनशक्ति, भवनको स्वरुपमा फरक नपर्ने गरी कार्यलयको अनुमती लिई ईन्टेरियर व्यवस्थापन सेवा प्रदायकले नै गर्नुपर्नेछ।

६. विधुत तथा फोहोरमैला व्यवस्थापन, मर्मत सम्भारको शूल्क सेवा प्रदायकले नै व्यहोर्नु पर्नेछ।

७. सेवा प्रदायकले सम्झौता अवधिको विचमा काम छोड्न चाहेमा कम्तीमा तीन महिना अघावै लिखित रूपमा पूर्व जानकारी कार्यालयलाई दिनुपर्नेछ। अन्यथा प्रचलित कानुन बमोजिम हुनेछ।

८. सम्झौता अवधि एक वर्षको हुनेछ तर कार्य सम्पादनको अवस्था सन्तोषजनक भएमा कार्यपालिकाको निर्णय अनुसार प्रति वर्ष ५ प्रतिशतका दरले रकम थप गरी सम्झौता नविकरण गरिनेछ।

९. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन। एक फर्म वा संस्थाले गाउँपालिकासँग सम्झौता गरी अर्को फर्म / व्यवसायलाई सेवा उपलब्ध गराउने गरी विक्री वितरण गर्न पाउने छैन।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केराबारी गाउँपालिकामा निहित रहनेछ।

११. दरभाउपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा केराबारी गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

१२. स्वास्थ्य विमा गरिएका विरामीहरुका लागि बिमा बोर्डले निर्धारण गरेको मुल्यमा तोकिएका औषधीहरु अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१३. विमितलाई औषधि तथा स्वास्थ्य सेवा दिए पछि सोको बिल अस्पताल प्रशासनमा पेश गरी अस्पताल मार्फत Claim Entry गर्नुपर्नेछ।

१४. बिमित बिरामीहरुलाई उपलब्ध गराएको औषधि वापत रकमको सोधभर्ना बिमा बोर्डले रकम उपलब्ध गराए बमोजिम हुनेछ।

१५. बिमा सुविधा अन्तर्गत नपर्ने औषधिको सोधभर्ना गरिने छैन।

१६. फार्मेसी (औषधि विक्री कक्ष) संचालनका लागि आवश्यक पर्ने लागानी तथा जनशक्ति संचालक स्वयंले व्यवस्था पर्नुपर्नेछ।

१७. नगद जमानत वापतको रकम कबोल गरेको अंकको ५ प्रतिशत रकम केराबारी गाउँपालिकाको धरौटी खाता नं ०५६२०५६५०१४२३००८ मा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ वा

ठेक्का खोल्ने दिन देखी १२० दिन मान्य अवधिको बैंक जमानत पेश गर्नुपर्नेछ । साथै बोलपत्र फारम खरिदको लागी केराबारी गाउँपालिकाको राजश्व खाता ०५६२०५६५०१४२३००२ मा नगद रु ३००० ।– (तिन हजार) जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

१८. बन्द हडताल तथा प्राकृतिक प्रकोप महामारीको कारण कर छुट वा मिनाहा दिइने छैन ।

१९. फार्मेसीवाट वितरण हुने औषधी GMP Certified कम्पनीको मात्र हुनुपर्नेछ । अन्यथा कानुन बमोजिम कार्यवाही हुनेछ ।

२०. माथि उल्लेखित शर्तहरुको थप प्रष्ठिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ ।

**बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु**

- डिप्लोमा इन फार्मेसी गरेको ३ जना व्यक्तिहरुको शैक्षिक योग्यता प्रमाणपत्र ।
- फार्मेसी काउन्सिलको प्रमाणपत्रको प्रतिलिपि ।
- व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी ।
- बैङ्क ग्यारेन्टि / विड बण्ड को प्रति ।
- फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- स्थायी लेखा दर्ता (मु.अ.कर ) प्रमाणपत्रको प्रतिलिपि ।
- आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रति ।
- स्वःघोषणा पत्र ।
- NHPC वा DDA को पमाणपत्रको प्रति ।
- थप जानकारीका लागि ०२१-४०३११० मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत